**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# नेपाली आधुनिक कथाको अध्ययन

**भगवती बस्याल**
पूर्वखोला, पाल्पा

**Corresponding Author:** *Bhagawati Basyal*; email: bhawanakhanal58107@gmail.com

**शोधसार**

*यस लेखमा नेपाली कथाको ऐतिहासिक विकासक्रमलाई कालक्रमिक रूपमा विश्लेषण गरिएको छ । कथाको उत्पत्ति मानव सभ्यताको प्रारम्भदेखि नै भएको देखिन्छ, जुन लोकपरम्परा र प्राचीन ग्रन्थहरू जस्तै: वेद, उपनिषद्, पञ्चतन्त्र आदि मार्फत विकसित भएको हो । नेपाली कथाको लिखित परम्परा शक्ति वल्लभ अर्ज्यालको महाभारत विराट पर्व (वि.सं. १८२६) पछि सुरु भएको मानिन्छ । कालखण्डलाई प्राथमिक (लोककथा, नीतिकथा), माध्यमिक ( १९५८-१९९१, शृङ्गारिक कथा) र आधुनिक (१९९२- हाल) कालमा विभाजन गरिएको छ । गुरुप्रसाद मैनालीको नासो (१९९२) ले आधुनिक यथार्थवादी धाराको सुरुवात गर्‍यो । २०२०-२०३० सम्म नवचेतनावादी कथा प्रचलित भए भने २०४० देखि समसामयिक विषयवस्तु (राजनीति, बेरोजगारी, सामाजिक विकृति) कथामा उत्कृष्ट रूपमा समावेश भएको छ । यसरी नेपाली कथाले सामाजिक यथार्थलाई प्रतिबिम्बित गर्दै साढे सात दशकको विकास यात्रा पूरा गरिसकेको छ ।*

***शब्दकुञ्जी*:** आदर्शोन्मुख यथार्थवादी धारा, नारीवादी दृष्टिकोण, अवसरवादी प्रवृत्ति, नवचेतनावादी धारा, समसामयिक धारा, स्वार्थी प्रेम र लैङ्गिक असमानता ।

## परिचय

आदिकालदेखि नै मानव समाजमा कथा भन्ने र सुन्ने परम्परा चलिआएको र कथाप्रति मानिसहरूको मोह र रुचि रही आएको हुनाले साहित्यको व्यापक फाँटमा कथाको आफ्नै मौलिक परम्परा र पहिचान छ । कथा साहित्यको एक महत्त्वपूर्ण विधा हो । ललित कलाको एक शाखा साहित्य र साहित्यको एक शाखा कथा हुनाले कथालाई पनि एक किसिमको कला नै मानिन्छ (आचार्य कृष्णप्रसाद र अन्य २०६२) । कथाको अर्थ वहन गर्ने ‘कथ्’ धातुमा ‘अच’ प्रत्यय लागेर ‘कव’ शब्द बन्छ र त्यसमा ‘टाप’ प्रत्ययको योग भएपछि कथा शब्द तयार हुन्छ । सामाजिक परम्पराको विकासका विभिन्न स्वरूप यसले लिएको देखिन्छ । कथाले आफू सिर्जना भएको युगीन परिवेश र प्रवृत्तिभित्रको अवस्थालाई वहन गदर्छ । कथात्मक मूल्यको ग्रहणबाट कथाको रचना हुने प्रचलन विकास हुँदै आएको देखिन्छ (सुवेदी, २०५७ :१) ।

कथा मानव जीवनमा घट्ने अनेक घटनाहरूको वर्णनमा आधारित हुन्छ । त्यसैले यसलाई मानवको उत्पत्ति जतिकै पुरानो विधाको रुपमा लिने गरिन्छ । कथ् धातुबाट बनेको कथा शब्दको अर्थ कुनै कुरा भन्नु भन्ने हुन्छ । कथा पूर्वीय जगत्का वेद, उपनिषद्, रामायण, महाभारत जस्ता प्राचीन ग्रन्थहरूका साथै बृहत् कथा, कथा सरित्सागर, पञ्चतन्त्र र हितोपदेशमा विभिन्न किसिमका कथाहरू भेटिन्छन् । प्राचीन पाश्चात्य जगत्मा पनि जादुगरका कथा मिश्रदेशका कथा, ग्रीस र रोमका नीतिकथा, अरबका सहस्र रजनी कथाहरूका साथै यहुदीहरूको, ओल्ड टेस्टामेन्ट र किश्चियनहरूको बाइबलमा पनि विभिन्न कथाहरू भेटिन्छन् (आचार्य र अन्य: २०६२) ।

वर्तमान अवस्थामा कथा भन्नाले आधुनिक कथा भन्ने बुझिन्छ । यस प्रकारको कथाको आरम्भ इस्वीको उन्नाइसौं शताब्दीमा अमेरिकाली एड्गर एलेन पोले गरेका हुन् ।

आधुनिक भाषामा कथाका अतिरिक्त किस्सा, कहानी गल्प, कथन, वृतान्त, वर्णन, भाषण, कुरा आदि शब्दहरू पनि प्रचलमा आएका छन् । आधुनिक आर्य भाषहरूमा कथाको प्रचलन सर्वप्रथम बङ्गाली भाषाबाट भएको कुरा पूर्वीय साहित्य *ऋग्वेद*को अध्ययनबाट स्पष्ट हुन्छ । बङ्गाली गल्पको समानार्थी हिन्दी भाषाको कहानी हो भने नेपाली भाषाको कथा र हिन्दीको कहानी पनि समानार्थी हुन् ।

अङ्ग्रेजीको सर्ट स्टोरी (Short story) को शब्दानुवाद आर्य भाषाहरूमा लघुकथा वा छोटो कथा हो, जसलाई हामी कथा भन्छौं । यस दृष्टिले आज कथा नै बढी प्रचलित बनेको देखिन्छ (भुषाल, २०६१: ३) । उन्नाईसौं शताब्दीमा फाटफुट रूपमा आरम्भ भएको नेपाली कथा बीसौं शताब्दीको उत्तरार्धतिर गोरखापत्रको प्रकाशन भएपछि नेपाली साहित्यका क्षेत्रमा देखापरेको हो । वर्तमान समयमा यस विधाले पूर्वीय तथा पाश्चत्य दुवै साहित्यमा महत्वपूर्ण स्थान ओगटेको छ ।

विभिन्न समीक्षकहरूले गरेको समीक्षाको आधारमा भन्नुपर्दा नेपाली आधुनिक कथाको अध्ययनका बारेमा थप अध्ययन गर्न बाँकी नै रहेको देखिन्छ । पूर्व समीक्षकहरूले कथाको परिचय र परिभाषालाई मात्र जोड दिएको पाइन्छ ।

**अध्ययनको औचित्य**

प्रस्तुत नेपाली अधुनिक कथाको अध्ययन शीर्षकको यस अनुसन्धानमूलक लेखमा आदर्शोन्मुख यथार्थवादी धारा, नारीवादी दृष्टिकोण, अवसरवादी प्रवृत्ति, नवचेतनावादी धारा, समसामयिक धारा, स्वार्थी प्रेम, लैङ्गिक असमानताका आधारमा निष्कर्ष निकालिएको छ । नेपाली अधुनिक कथालाई नियाल्दा गुरुप्रसाद मैनालीका *नासो* कथा सङ्ग्रहमा प्रकाशित कथाहरूलाई नै प्रमाणको रूपमा प्रस्तुत गर्न सकिन्छ । जसमा आदर्शोन्मुख यथार्थवाद, नारीप्रतिको दृष्टिकोण, अवसरवादी प्रवृत्ति, आदर्शप्रेम, कर्तव्यबोधको चेतना र स्वार्थी प्रेमको चेतना पाइन्छ । यसको साथै मैनालीपछिका कथाले सामाजिक विकृति विसङ्गति, भ्रष्टाचार, हत्याहिंसा तथा सरकारी कामकाजमा ढिला सुस्ति गर्ने परिपाटीलाई अगाडी सारेको पाइन्छ । नेपाली समाजमा कसरी यस्तो समस्याको उठान भयो र यसको निराकरणको उपाय के छ भन्ने कुरा पनि प्रस्तुत अध्ययनबाट निष्कर्षमा पुग्न सकिएको छ । तसर्थ पनि यस अध्ययन औचित्यपूर्ण रहेको छ ।

**अनुसन्धान प्रश्नहरू**

प्रस्तुत अध्ययनका अनुसन्धान प्रश्नहरु निम्नानुसार रहेका छन्:

क) मैनालीले आदर्शोन्मुख यथार्थवादी कथाहरू कसरी प्रस्तुत गरेका छन् ?

ख) अवसरवादी चेतना नेपाली आधुनिक कथामा कसरी अगाडी बढेको छ ?

**उद्देश्यहरू**

क) मैनालीका नेपाली आधुनिक कथाहरूमा आदर्शोन्मुख यथार्थवादी कथाहरूको अवस्था पत्ता लगाउनु ।

ख) अवसरवादी चेतना नेपाली आधुनिक कथामा कसरी अगाडी बढेको छ सो को मुल्याङ्कन गर्नु ।

**पूर्वकार्यको समिक्षा**

कथा साहित्यको एक महत्वपूर्ण विधा हो भन्ने विभिन्न विद्वानहरूको मत देखिएको छ । यस समीक्षामा पूर्वीय, पाश्चात्य र नेपाली विद्वानहरूद्वारा प्रस्तुत कथासम्बन्धी परिभाषा, विश्लेषण र मतहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ । साथै, नेपाली कथाको अध्ययनमा भएको अभावलाई पनि यसले उजागर गरेको छ ।

पूवीय परम्परामा कथालाई नैतिक, आध्यात्मिक र सौन्दर्यपरक मूल्यहरूसँग जोडेर हेरिएको छ । *महाभारत*का अनुसार, कथा भनेको 'सत्यम, शिवम, सुन्दरम'लाई अभिव्यक्त गर्ने आख्यान हो (लामिछाने र अन्य, २०६७) । भामहले कथालाई 'सत्य घटनामा आधारित आख्यान' को रूपमा परिभाषित गरेका छन् (लामिछाने र अन्य, २०६७) । पाश्चात्य साहित्यमा कथालाई यथार्थवादी, संक्षिप्त र मानवीय अनुभूतिसँग जोड्ने प्रवृत्ति पाइन्छ । एच. जी. वेल्सका अनुसार, लघुकथा भनेको 'बीस मिनेटमा पढिसकिने सङ्क्षिप्त आख्यान हो' (लामिछाने, २०६७) । मेक्सिम गोर्कीले कथालाई 'मानव जीवनको गति र अनुभूतिको सशक्त र उज्यालो पक्षको आस्थापूर्ण उद्घाटन' मानेका छन् (लामिछाने, २०६७) ।

नेपाली साहित्यमा कथाको परिभाषा यथार्थ, समाजोन्मुखी र कलात्मक दृष्टिकोणबाट प्रस्तुत गरिएको छ । लक्ष्मीप्रसाद देवकोटाले कथालाई छोटो किस्सा, 'एउटा सानो आँखी झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ' भनेर व्याख्या गरेका छन् (श्रेष्ठ, २०६६) । गोविन्द बहादुर मल्ल 'गोठाले' ले कथालाई 'जीवनमा आइपरेका घटनाको स्मृति' भन्ने अर्थ दिएका छन् (लामिछाने, २०६७)। त्यसैगरी राजेन्द्र सुवेदी (२०५७) ले कथाले 'युगीन परिवेश र प्रवृत्तिलाई वहन गर्छ' भन्ने विचार राखेका छन् भने कृष्णप्रसाद आचार्य (२०६२) ले प्राचीन पाश्चात्य कथाहरूको ऐतिहासिक पृष्ठभूमिलाई उल्लेख गरेका छन् । दयाराम श्रेष्ठ (२०६६) ले कथाको विकासक्रममा आएको परिवर्तनलाई चिन्तन गरेका छन् ।

यसरी विभिन्न विद्वानहरूले कथाको परिभाषा, उद्देश्य र स्वरूपलाई आ-आफ्नै दृष्टिकोणबाट प्रस्तुत गरेका छन् । तर, नेपाली अधुनिक कथाको व्यापक अध्ययन, विश्लेषणात्मक अनुसन्धान र तुलनात्मक अध्ययनमा ध्यान दिइएको छैन । यसले नेपाली कथा साहित्यको गम्भीर अध्ययनको आवश्यकतालाई प्रष्ट पारेको छ । नेपाली आधुनिक कथा अन्तर्गत मैनालीका कथाहरूमा आदर्शोन्मुख यथार्थवादी धारालाई अवलम्बन गरिएको पाईन्छ । यस धाराका कथाहरूले सामाजिक यथार्थलाई प्रस्तुत गरे पनि उनका कथाहरूले आदर्शको पाटो अँगालेका देखिन्छन् । तसर्थ प्रस्तुत लेख नेपाली कथाको व्यवस्थित अध्ययन, विशेष गरी अधुनिक कथाको सैद्धान्तिक र व्यावहारिक पक्ष, अनुसन्धानको लागि महत्वपूर्ण क्षेत्र बनेको छ ।

## अनुसन्धान विधि

प्रस्तुत नेपाली अधुनिक कथाको अध्ययन शीर्षकको यस लेखमा नेपाली आधुनिक कथा अध्ययनको अनुसन्धान विधि अर्न्तगत यस अध्ययनमा गुणात्मक अनुसन्धान पद्धति अपनाइएको छ । यसले विषयवस्तुको गहिरो विश्लेषण गरी अर्थ निर्माण गर्ने प्रयास गर्छ । यसले मानव अनुभव, दृष्टिकोण र सामाजिक, सांस्कृतिक सन्दर्भमा आधारित विमर्षको सूक्ष्म अध्ययनलाई प्राथमिकता दिन्छ । यस अध्ययनमा गुरु प्रसाद मैनालीका आधुनिक कथाका आधारमा आधुनिक नेपाली कथाले के सन्देश दिएका छन भन्ने पक्षलाई आलोचनात्मक परिक्षण गरिएको छ ।

प्रस्तुत लेखले अगाडि सारेको समस्यालाई समाधान गर्नको लागि निम्न शोधविधि अपनाइएको छ: यस विधि अन्तर्गत विभिन्न पुस्तकालयहरूमा पुगी नेपाली आधुनिक कथाको इतिहास, वर्तमान र भविष्य सम्बन्धी तयार पारिएका पुस्तकहरू, शोधग्रन्थहरू विभिन्न पत्रपत्रिकाहरू आदिको सङ्कलन गरियो र ती सङ्कलित सामग्रीहरूको वर्गीकरण, विश्लेषण र सामान्यीकरण गरी निष्कर्ष निकालियो ।

### सैद्धान्तिक ढाँचा

प्रस्तुत नेपाली आधुनिक कथाको अध्ययन शीर्षकको यस अनुसन्धानमूलक लेखमा अनुसन्धानको बैचारिक धरातल तयार पार्न आदर्शोन्मुख यथार्थवादी धारा सम्बन्धी प्रमुख सिद्धान्तलाई आधार मानिएको छ । मैनालीले आफ्ना कथाहरूमा आदर्शोन्मुख यथार्थवादी धाराको आधारमा कथाहरूलाई कसरी रचना गरेका छन भन्ने चासो यस अध्ययनले राखेको छ ।

### तथ्याङ्कको स्रोत र विश्लेषण प्रक्रिया

यस अनुसन्धानको प्रमुख स्रोत पहिलो आधुनिक नेपाली कथाकार गुरुप्रसाद मैनाली र उनको ***नासो*** कथा सङ्ग्रहमा सङ्कलित कथाहरूलाई मानिएको छ । यस सङ्ग्रहमा सङ्कलित नेपाली आधुनिक कथाहरूले समाजको यथार्थ चित्रलाई कसरी प्रस्तुत गरेका छन् भन्ने प्रश्नको प्राज्ञिक समाधान यस अनुसन्धानले खोजेको छ । यसरी गुणात्मक अध्ययन अर्न्तगत पाठ विश्लेषण विधिको प्रयोग गरी नेपाली आधुनिक कथाले दिएको मूल सन्देशलाई पहिल्याउने प्रयास यस अनुसन्धानमा गरिएको छ ।

### नतिजा र छलफल

उपर्युक्त कार्य गर्नको लागि विभिन्न स्रोतव्यक्तिहरू, शाोधविज्ञहरूसँग भेटगरी आवश्यक छलफल गरी सोही आधारमा नेपाली आधुनिक कथाको विकास कसरी अगाडि बढ्दै गएको छ र विभिन्न काल खण्डहरूमा नेपाली आधुनिक कथाले अँगालेका प्रवृत्तिहरू, धारा र उपधाराहरू के के हुन्? भन्ने निष्कर्ष निकालिएको छ ।

## विश्लेषण

प्रस्तुत नेपाली आधुनिक कथाको अध्ययन शीर्षको यस अनुसन्धानमा प्रथमा आधुनिक कथाकार गुरु प्रसाद मैनालीको नासो कथा र उक्त कथामा सङ्कलित सबै कथाहरूले नेपाली समाजको यथार्थ तस्विरलाई आदर्शोन्मुख ढङ्गले प्रस्तुत गरेको पाइन्छ । जस्तैः नासो शीर्षकको कथाकी मूल पात्रा शुभद्राले आफ्नो लोग्ने देवीरमणलाई आफूमाथि सौता हाल भन्नु आदर्श मात्र हो । यथार्थमा यो असम्भव कुरा हो । मैनालीका सबै कथाहरूमा सामाजिक यथार्थ प्रस्तुत गरिएको भएपनि आदर्शको खोल ओढाइएको पाइन्छ ।

त्यसैगरी मैनालीका कथाहरूमा अवसरवादी चेतना पनि पाइन्छ । जस्तैः कान्छी श्रीमती भित्र्याएपछि देवीरमणले शुभद्रालाई नभनी आफु कान्छी श्रीमती लक्ष्मी र उनीबाट जन्मेको छोरो सुशीललाई लिएर तिर्थ जानु अवसरवादी चेतना हो किनभने उनले पहिले शुभद्रालाई देवी समान ठान्थे ।

नेपाली आधुनिक कथाको मूल सन्देशलाई नियाल्दा १९९२ देखि हाल सम्मको समयमा लिखित विभिन्न नेपाली आधुनिक कथाहरूले नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गर्नुको साथै कथाकार मैनालीले थालेको आदर्शोन्मुख यथार्थबवादी धारा १९९२ देखि २०१९ सम्म, नवचेतनावादी धारा २०२० देखि २०३९ सम्म र समसामयिक धारा २०४० देखि हाल सम्म कायम रहेको पाइन्छ ।

आधुनिक काललाई भित्र्याउने 'नासो' (वि.सं १९९२) कथालाई नै प्रथम आधुनिक कथाको रूपमा शुभारम्भ भएको मानिन्छ । माध्यमिक कालीन कथा प्रवृत्तिको अन्त्य गर्दै समाज अनुरूपको घटनाक्रम, जीवनसम्भव विषयवस्तु सरल सहज, सम्प्रेषणीय भाषाशैलीले भरिपूर्ण 'नासो' (१९९२) कथाले आधुनिकताको जग बसालेको देखिन्छ ।

'शारदा' पत्रिकासँगै 'नासो' कथाबाट प्रारम्भ भएको आधुनिक नेपाली कथाले लगभग सात दशकको समयावधि पार गरिसकेको छ । यस समयावधिमा विभिन्न मोड, घुम्ती, प्रवृत्ति, विषयवस्तुका साथसाथै सामाजिक सांस्कृतिक, आर्थिक, राजनैतिक परिस्थितिको सामना गर्दै अघि बढेको देखिन्छ । आधुनिक नेपाली कथाको स्थापना सँगसँगै नेपालमा ठुलो राजनैतिक हलचल मच्चियो जसको फलस्वरूप कथा साहित्यका क्षेत्रमा पनि ठुलै हलचल मच्चिएको पाइन्छ ।

परिणाम कथाका सिद्धान्त, वाद, प्रणाली, धारा, उपधारा आदिको परिवर्तन गद्य पद्यमा कथा लेखनको सट्टा गद्यमा मात्र कथा लेखन र पाश्चात्य प्रभावको परिणामका रूपमा यथार्थ भित्रिएको, जसको कारण नयाँ वाद र प्रणालीसँगै नयाँ शैलीले सहयोग पुऱ्याई नयाँ प्रतिभाहरूको क्रमिक रूपमा प्रादुर्भाव भएको देखिन्छ । आधुनिक नेपाली कथाको इतिहास करिब साढे छ दशकको छ । जसमध्ये पहिलो तीन दशकलाई यथार्थवादी युग पछिल्लो दुई दशकलाई नव चेतनावादी युग र त्यसपछिको समयलाई समकालीन युग भनेर नामकरण गर्नु युक्तिसङ्गत हुन्छ । जसलाई समयका आधारमा यथार्थवादी धारा (१९९२-२०१९), नव युग वा नव चेतनावादी धारा (२०२०-२०३९) र समकालीन युग वा समसामयिक धारा (२०४०-हालसम्म) विभाजन गरी राख्न सकिन्छ (श्रेष्ठः २०६४) ।

इतिहास निर्माणको क्रममा नेपाली कथाले एकपछि अर्को गर्दै नवीन चेतनालाई आत्मसात् गर्दै गरेको पाइन्छ । जसरी नदीको बग्ने बाटो व्यवधान रहित हुँदैन तापनि नदी बग्नबाट रोकिदैंन । त्यस्तै इतिहासले पनि आफ्नो बाटो बनाउँदै जान्छ । त्यही बनाउने क्रममा परिवेश र परिस्थिति अनुसार इतिहासलाई पनि मोटामोटी तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

माध्यममिक काल (१९५८ देखि १९९१ सम्म) मा नेपाली कथा विधामा खासगरी श्रृङ्गारिक धाराका कथाहरू लेखिएका पाइन्छन् । जब १९९२ सालमा कथाकार गुरुप्रसाद मैनालीको *नासो* शीर्षकको कथा प्रकाशन हुन्छ तबदेखि नेपाली कथाले आधुनिक कालमा प्रवेश गरेको पाइन्छ । माध्यमिक कालीन शृङ्गारिक धाराका कथा प्रवृत्तिको अन्त्य गर्दै सामाजिक यथार्थवादी धाराका कथाहरू आधुनिक कालमा लेख्न थालिएको पाइन्छ । कथाकार मैनालीको उक्त 'नासो' कथा १९९२ को शारदा पत्रिकामा प्रकाशन भएको पाइन्छ । आज आधुनिक नेपाली कथाले लगभग साढे सात दशकको समय पार गरिसकेको देखिन्छ । यसले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक परिस्थितिको सामना गर्दै कालक्रमिक रूपमा अगाडि फड्को मारेको देखिन्छ । १९९२ देखि २०३९ सालसम्म यथार्थवादी धाराका कथाहरू लेखिएका पाइन्छन् भने २०२० सालदेखि २०३९ साल सम्म नवचेतानावादी धाराका कथाहरू लेखिएका पाइन्छन् । २०४० सालदेखि हालसम्म लेखिएका कथाहरूले समसामयिक धाराको प्रतिनिधित्व

गरेका पाइन्छन् । समसामयिक धारा अन्तर्गत नेपाली राजनीतिले समाजमा पारेको प्रभाव, बेरोजगारको समस्याले देशका युवावर्ग विदेशिनु परेको अवस्था, सरकारी कामको ढिलासुस्ति र सामाजिक विकृति विसङ्गतिले समाजमा ल्याएको विकराल समस्यालाई आधुनिक नेपाली कथाहरूले यथार्थ रूपमा प्रस्तुत गरेको देखिन्छ ।

## निष्कर्ष

गुरुप्रसाद मैनालीको *नासो* लगायतका कथाहरूले नेपाली समाजको यथार्थतालाई आदर्शवादी दृष्टिकोणसँग मिश्रित रूपमा चित्रण गरेका छन् । यसमा सामाजिक यथार्थताको साथै आदर्शवादी तत्वहरू (जस्तै शुभद्राको आत्मत्याग) प्रमुख रूपमा उभिएका छन्, तर यी आदर्शहरू यथार्थमा असम्भव वा अव्यावहारिक पनि देखिन्छन् । मैनालीका कथाहरूमा पात्रहरूको व्यवहारमा अवसरवादी मानसिकता स्पष्ट देखिन्छ, जसले नेपाली समाजमा रहेको द्वन्द्व, स्वार्थपरता र नैतिकताको जटिलतालाई उजागर गर्छ ।

नेपाली आधुनिक कथाको विकासलाई यथार्थवादी धारा, नवचेतनावादी धारा र समसामयिक धारा गरी तीन प्रमुख चरणमा विभाजन गर्न सकिन्छ जसमा क्रमशः समाजको यथार्थ चित्रण, सामाजिक, राजनीतिक र सांस्कृतिक परिवर्तनको प्रभावमा नयाँ विचारधारा र प्रयोगात्मक शैली र वर्तमान समयका जटिल विषयवस्तु, बहुवादी दृष्टिकोण र विश्वव्यापी प्रभावलाई समेटिएको छ । मैनालीको *नासो* नेपाली आधुनिक कथाको आधारशिला हो, जसले यथार्थवाद र आदर्शवादको सन्तुलन स्थापित गर्दै सामाजिक यथार्थलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरेको छ । नेपाली कथाको इतिहासले विभिन्न धाराहरूको उत्थान, विकास र परिवर्तनको गतिशीलतालाई देखाउँदै समकालीन साहित्यिक प्रवृत्तिहरूमा निरन्तरताको संकेत दिन्छ ।

## सन्दर्भ सामग्री सूची


अवस्थी, महादेव सम्पा.(२०५५), *नेपाली कथा* (भाग-२), साझा प्रकाशन ।

आचार्य, कृष्णप्रसाद (२०६९), *सिर्जना शोधविविध र संस्कृत काव्यशास्त्र* (दो.सं.), क्षितिज प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद (२०७१), *आधुनिक नेपाली कथा र उपन्यास* (ते.सं.), क्षितिज प्रकाशन ।

पौड्याल, कृष्ण विलास (२०६४), *नेपाली आख्यान र नाटक,* नवीन प्रकाशन ।

लामिछाने, यादव प्रकाश (२०६७), *नेपाली कथा उपन्यास सिद्वान्त र समीक्षा* (प्र.सं.), विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५०), *कथाको विकासक्रम* (दो.सं.), साझा प्रकाशन ।

शर्मा, मोहनराज र अन्य (२०५८), *शोधविधि* (ते.सं.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०६७), *नेपाली कथा भाग ४* (चौ.सं.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र अन्य (२०६९), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास* (दो.सं.), साझा प्रकाशन ।

उदासी, टीकाराम (२०७०), *कला साहित्य प्रयोग र नवीनता,* नयाँ युगबोध राष्ट्रिय दैनिक (वर्ष ३०, अङ्क २९५) ।

के. सी., टेकबहादुर (२०६७), *नेपाली साहित्यमा अन्तर्ध्वनि त्रैमासिक पत्रिकाको योगदान,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

पाण्डे, मेघलाल (२०७०), *'विधा' पत्रिकामा प्रकाशित प्रतिनिधि कथाहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन बहुमुखी क्याम्पस तानसेन ।

प्याकुरेल, राममणि (२०७०), *कथाकार पुष्पप्रसाद खरेलका कथाहरूमा नारीपात्रको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, मेची बहुमुखी क्याम्पस भद्रपुर ।

शर्मा, नारायण प्रसाद र अन्य (सम्पा.) (२०३५), *राप्तीदूत,* (वर्ष १, अङक १) ।